बैठक नं. ११/२०८१।०८२

**मिति :२०८१।११।११ गते बिहान ८:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णयः** मिति २०८१।१०।१३ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

२. **आय व्यय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को मिति २०८१।११।१० गते सम्मको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ ३५.१७ प्रतिशत तथा पूँजीगत खर्च तर्फ ५.६९ प्रतिशत रकम खर्च भएको जानकारी प्राप्त भयो। साथै आन्तरिक राजश्व तर्फ १ करोड ७५ लाख ७३ हजार ५११ रुपैयाँ प्राप्त भएको जानकारी प्राप्त भयो।

३. **सम्पन्न योजनाहरूको फर-फारक सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ मा सञ्चालित योजना तथा कार्यक्रम मध्ये मिति २०८१।१०।१४ देखि २०८१।११।१० गते सम्म तपसिलका योजना तथा कार्यक्रमहरु फरफारकको लागि पेश भएको व्यहोरा जानकारी प्राप्त भयो।

**तपसिल**

१. भिमसेन मन्दिर मर्मत सम्भार, वडा नं. २

४. **महालेखा परिक्षणको प्रारम्भिक प्रतिवेदन छलफल सम्बन्धमा।**

**निर्णयः** आ.व.२०८०/०८१ को विभिन्न कार्यक्रमहरूको लेखा परीक्षणका क्रममा महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखा परीक्षणबाट औल्याइएका बेरूजुहरूका सम्बन्धमा फछर्यौटका लागि पेश भएका कागजात एवं प्रतिवेदन नियमानुसार फछर्यौट गर्न कार्यालयलाई निर्देशन दिने र बाँकी बेरूजुका सम्बन्धमा पुष्ट्याई सहित फछर्यौटका लागि सत्रौं नगरसभामा पेश गर्ने निर्णय गरियो। साथै दफा ३९.१ बमोजिमको १५ शैया अस्पताल अर्थ मन्त्रालयको च.नं. ५८० मिति २०७७।०८।०४ गते को बजेट सुनिश्चिता पत्रको आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।०८।०५ लगायतका निर्णयका आधारमा बोलपत्र आह्वान गरी कार्य प्रारम्भ भएकोमा केन्द्रीय सरकारबाट सुनिश्चित बजेट निकासा हुन नसकेको र यस आ.व.मा समेत सम्पूर्ण रकम विनियोजन नभएकोले पटक पटक म्याद थप गर्नुपर्ने अवस्था सिर्जना भएको व्यहोरा अवगत गराउँदै उक्त निर्माण कार्य सम्पन्न गराउने प्रतिवद्धता सहित असुल उपर कायम भएको बेरूजु रकमलाई पेश्की बेरूजु कायम गरी दिनुहुनुका लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

५. **संघीय समपुरक र विशेष अनुदानको लागि आयोजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा।**

**निर्णयः** मिति २०८१।१०।१६ गते संघीय समपुरक अनुदान र विशेष अनुदानको योजना/ कार्यक्रम मागको सूचना प्रकाशन भएकोमा मिति २०८१ फागुन १५ गते भित्र माग गरी सक्नुपर्ने भएकोमा आवश्यक कागजात सहित तपसिलका योजना तथा कार्यक्रम माग गर्ने निर्णय गरियो।

चुडामणी पन्थ
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

क) संघीय समपुरक तर्फको योजना माग:-

| क्र.स. | योजनाको नाम | लागत सहभागिता | |
|---|---|---|---|
| | | न.पा. | संघ |
| १ | टिक्कर-बुड्ढी-बिजगौरी सडक निर्माण (बहुबर्षिय योजना) | ४ करोड २० लाख | २ करोड ८० लाख |

ख) संघीय विशेष अनुदान तर्फको योजना माग:- रकम

१. डिजिटल बोर्ड ३० थान — १ करोड २० लाख

२. विद्यालय फर्निचर बुद्धभूमि नगरपालिका — १ करोड २० लाख

ग) प्रदेश समपुरक तर्फको योजना माग:- रकम

१. भेलाई- पुरेना- गोरूसिगें- बकडिया सडक निर्माण — १ करोड

२. प्रेमनगर -चेत्रादेही सडक निर्माण — १ करोड

६. **चमरगुनिया तालको ठेक्का सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको वडा नं. ४ बुड्ढीमा रहेको चमगरगुनिया तालको ठेक्का अवधि २०८१ चैत्र मसान्तमा समाप्त हुने भएकोले यस अघिको प्रति बर्ष न्यूनतम अंक रू. १,५५,०००।- लाई आधार दररेट मानी प्रतिबर्ष अघिल्लो बर्षको रकममा १५% बृद्धि गर्दा आगामी अगामी ७ वर्षको लागि रू. १७,१५,३०६।– (अक्षरेपी सत्र लाख पन्ध्र हजार तीन सय छ रूपैयाँ) मात्र न्यूनतम मूल्य तोकी ठेक्काको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

७. **मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरको लागि विशेष सहयोग सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा।**

**निर्णयः** मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरको लागि विशेष सहयोग सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

८. **सार्वजनिक सुनुवाई सम्बन्धमा।**

**निर्णय :** सुशासन (व्यवस्थापन तथा संचालन) ऐन तथा नियमावली बमोजिम सर्वसाधारणलाई सेवा प्रदान गर्ने सरकारी निकायहरूले आफ्नो कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था भएको हुँदा यस बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को दोस्रो चौमासिक सम्मको सार्वजनिक सुनुवाई बुद्धभूमि नगरपालिकाका कार्यपालिका सदस्यज्यूहरू, शाखा प्रमुखहरू, राजनैतिक दलका नगर प्रतिनिधिज्यूहरू, टोल विकास संस्थाका अध्यक्ष ज्यूहरू, वडा सचिवहरूको उपस्थितिमा मिति २०८१।११।२८ गते बुधबार दिनको १:०० बजे बुद्धभूमि नगरपालिकाको बहुउद्देश्यीय सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो।

९. **नदी कटान नियन्त्रण सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिका वडा नं. १० को गंगनीमा वाणगंगा नदीले नम्बरी जग्गाहरू कटान गरी रहेका र थप कटान हुने सम्भावना देखिएको हुँदा उक्त नदी कटान नियन्त्रणको लागि तत्काल बजेट विनियोजन गर्न सक्ने अवस्था नभएको हुँदा नगरपालिकाको जे.सि.भी. प्रयोग गरी नदीबाट थप कटान हुन नदिने गरी व्यवस्था मिलाउने र सोको लागि आवश्यक इन्धन नगरपालिकाको विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो।

हुमागाणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

१०. **लागत साझेदारी योजना कार्यक्रम सञ्चालन सम्बन्धमा।**

**निर्णय:** बुद्धभूमि नगरपालिकाको मिति २०८१।०९।०३ गतेको सूचना अनुसार स्यालो ट्यूबबेल तथा मोटर जडान (७०/३०) कार्यक्रमको लागि आवेदन माग गरेमा प्राप्त माग अनुसार मिति २०८१।०९।२९ गते निर्णय भए बमोजिमका तपसिलका व्यक्ति/संस्थाहरू सम्झौता गर्न नआएको र सो शिर्षकमा बचेको रकमबाट तपसिलका बमोजिम व्यक्ति/संस्थालाई छनौट गर्ने निर्णय गरियो। साथै उक्त योजना सम्बन्धित व्यक्तिसँग सम्झौता गर्ने र १ लाख सम्मको लागत अनुमानको ७० प्रतिशत रकम मात्र नगरपालिकाले विनियोजन गर्ने निर्णय गरियो।

**तपसिल:**

**स्यालो ट्युबबेल तथा मोटर जडान (७०/३०) कार्यक्रम**

| क्र.स. | हटाइएको नामावली | क्र.स. | स्वीकृत नामावली | वडा नं | टोल |
|---|---|---|---|---|---|
| १ | सुलोचना के.सी वडा नं. १ | १ | गंगा पुन | १ | चंघाट |
| २ | डुकाराम बन्जाडे वडा नं. ४ | २ | सोम प्रसाद थारू | १ | भेलाई |
| ३ | मुहमद हुसेन वडा नं. ५ | ३ | आचार्य एकीकृत कृषि फर्म | ३ | मोर्मी |
| ४ | इस्माइल नाउ वडा नं. ६ | ४ | मिन बहादुर पौडेल | ४ | बुड्ढी |
| ५ | श्री जयशक्ति सा.व. | ५ | छेदी मिया | ५ | नौडिहवा |
| | | ६ | श्री जयवन शक्ति सा.व.उ.स. | १ | भेलाई |

११. **विविध।**

क) **श्री मणि अम्मर आधारभूत विद्यालयको पत्र सम्बन्धमा।**

**निर्णय:** बुद्धभूमि नगरपालिका वडा नं. १, टिक्करमा रहेको श्री मणि अम्मर आधारभूत विद्यालयको च.नं. २३ मिति २०८१।१०।१८ गतेको पत्रानुसार उक्त विद्यालयको बालविकासमा कार्यरत शिक्षिका चन्द्रकला भट्टराईले श्री सिद्धार्थ स्मारक मा.वि. भेलाईमा सरूवा सहमति माग गरेकोमा सरूवा गर्ने निर्णय गरियो।

ख) **६ नं. वडा कार्यालयको पत्र सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिका ६ नं. वडा कार्यालयको च.नं. ७९३ मिति २०८१।१०।२७ गतेको पत्रानुसार वडा नं. ६ बदलपुरा निवासी ईसु तेलीको बुहारी मैनल्लाह तेली मुसालमानको पत्नि जविसा खातुन तेलीको भन्सा घरमा मिति २०८१।१०।२४ गतेको दिन आगलागि भई सम्पूर्ण सामानहरु जलेर नष्ट भएको हुँदा आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.५,०००। (अक्षरुपि पाँच हजार रुपैयाँ मात्र।) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ग) **९ नं. वडा कार्यालयको पत्र सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिका ९ नं. वडा कार्यालयको च.नं. ११९९ मिति २०८१।१०।१३ गतेको पत्रानुसार वडा नं. ९ इमिलिया निवासी चिन्तामणि पौडेलको बुहारी हरि प्रसाद पौडेलको श्रीमति कृष्ण कुमारी पौडेलको भैसी गोठमा मिति २०८१।११।१२ गतेको दिन विद्युत सर्किट भई आगलागि भई सम्पूर्ण सामानहरु जलेर नष्ट भएको हुँदा आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.५,०००। (अक्षरुपि पाँच हजार रुपैयाँ मात्र।) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

पुरुषोत्तम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

घ)　**४ नं. वडा कार्यालयको पत्र सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिका ४ नं. वडा कार्यालयको च.नं. ८५१ मिति २०८१।१०।२२ गतेको पत्रानुसार बुद्धभूमि योग तथा आध्यात्मिक केन्द्र, कपिलवस्तुले बुद्धभूमि न.पा. वडा नं. ४, बुडढी तालमा थारू संग्रहालय विगतमा अधुरो निर्माण गरी अलपत्र अवस्थामा रहेको उक्त भवनलाई नगर पालिकाको स्वामित्वमा हुने गरी नगरपालिकासँग आवश्यक समन्वय गरी सदुपयोग गर्नको लागि बुद्धभूमि योग तथा आध्यात्मिक केन्द्र कपिलवस्तुलाई दिने निर्णय गरियो।

ङ)　**३ नं. वडा कार्यालयको भवन निर्माण सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिका वडा नं. ३ भवन निर्माणको लागत रू. २ करोड ४ लाख ६० हजार बराबर रकम आएकोमा जिल्ला समन्वय समिति कार्यालयबाट ४० लाख र वडा नं. ३ कार्यालय भवन निर्माण तर्फ रू. ५० लाख र वडा तर्फको योजनामा २१ लाख ५० हजार गरी कुल १ करोड ११ लाख ५० हजार मात्र भएकोले बाँकी रकम आगामी नगरसभाबाट सुनिश्चित हुने गरी सार्वजनिक सूचना मार्फत E-bid गरी ठक्का आह्वान गर्ने निर्णय गरियो।

च)　**नदीजन्य पदार्थको नियमन निगरानी सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिका अन्तर्गत रहेका खोलाहरू मध्ये ठेक्का सम्झौता भई कार्यान्वयनका चरणमा रहेका खोलाहरूबाट हुने नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्रीको समयमा नियमन, व्यवस्थापन तथा निगरानी गर्नको लागि सम्बन्धित वडा कार्यालयलाई जानकारी गराउने निर्णय गरियो।

छ)　**आर्थिक सहयोग सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिका वडा नं. १, निवासी आइस्मा खनालले मिति २०८१।१०।०६ मा बुद्धभूमि नगरपालिकामा A Research Proposal on An Assessment of Tree Diversity and Medicinal Plants of Buddhabhumi Municipality Kapilvastu शिर्षकमा अनुसन्धान गर्ने र सो को लागि आर्थिक सहयोग माग भई आएकोमा यस बुद्धभूमि नगरपालिका भित्र रहेका रूख विरूवा तथा औषधीजन्य बिरूवाको प्रकार सोधखोज गरी तिनीहरूको उपयोगिता र प्रयोगबाट बुद्धभूमि नगरबासीहरूको आयआर्जन वृद्धिका लागि टेवा पुग्ने तथा प्रतिवेदनका आधारमा आगामी बर्षहरूमा आवश्यक कार्यक्रम सञ्चालन गर्नका लागि आ.व. २०८१।०८२ को नगरसभाबाट विनियोजित खर्च शिर्षक नं. २२४११ मा रहेको सेवा र परामर्श खर्च शिर्षकबाट रू. २५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) दिने निर्णय गरियो।

चुरामणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख